# मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



# पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ३ गते बिहीबार ❑ 16 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


# गण्डकीका नवनियुक्त मन्त्रीहरूद्वारा सपथ

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख




गण्डकी प्रदेश सरकारका नवनियुक्त मन्त्रीहरूले बिहीबार पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ।

प्रदेश प्रमुखको कार्यालयद्वारा आयोजित एक समारोहका बीच गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले नवनियुक्त मन्त्रीहरूलाई सपथ ग्रहण गराउनुभएको हो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली कांग्रेस र नेकपा (एमाले) दुवै दलबाट नयाँ मन्त्रीहरू नियुक्त गर्नुभएको हो। नियुक्त हुनेमा मन्त्रीहरूमा नेपाली कांग्रेसका तर्फबाट जित शेरचन अर्थमन्त्री, नन्दप्रसाद न्यौपाने ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री, नम्डु गुरुङ सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री र रेखा गुरुङ वन तथा वातावरणमन्त्री बन्नुभएको छ। त्यस्तै, एमालेका तर्फबाट गोविन्दबहादुर नेपाली भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री, यशोदा रिमाल उद्योग तथा पर्यटनमन्त्री, लक्ष्मण पाण्डे कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री र भीम कार्की स्वास्थ्यमन्त्री नियुक्त हुनुभएको छ।

# राष्ट्रिय आर्थिक गणना सुरु

**रासस**
काठमाडौं, २ बैशाख

देशको समग्र आर्थिक अवस्थाबारे बुझ्न तथा विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने विस्तृत विवरण सङ्कलनका निम्ति दोस्रो राष्ट्रिय आर्थिक गणना सुरु भएको छ।

देशभर ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरेर तथ्याङ्क सङ्कलन थालेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ। उक्त कार्यालयले आज यहाँ पत्रकार सम्मेलन गरेर चार हजार ४३३ जना तालिमप्राप्त गणक तथा सुपरीवेक्षक आगामी असार ७ गतेसम्म तथ्याङ्क सङ्कलनमा परिचालन हुने जानकारी दिएको हो।

उक्त कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको सङ्ख्या, वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने छ।

अन्तरर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ मध्ये १८ क्षेत्रमा आधारित आर्थिक क्रियाकलापलाई गणनामा समेटिएको छ। गणनामा दर्ता भएका तथा नभएका साना-ठूला व्यवसाय, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधिमा संलग्न एकाइहरूमा समावेश छन् भने कूटनीतिक नियोग, सुरक्षा निकाय तथा घरायसी क्रियाकलापलाई गणनामा समावेश गरिएको छैन।

"गणनालाई सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समितिहरू गठन गरिएका छन्। साथै, स्थानीय तह र वडा कार्यालयसँग सहकार्य, उद्योग व्यवसायसँग सम्झौता तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिएको कार्यालयले जनाएको छ। रेडियो, टेलिभिजन तथा डिजिटल माध्यमबाट जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन्", प्रवक्ता लामिछानेले भन्नुभयो, "प्राविधिक रूपमा गणनालाई सुदृढ बनाउन अनलाइन 'इ-सेन्सस' प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली (जिआइएस) मार्फत गणना क्षेत्र पहिचान गरिएको छ।"

साथै उहाँले उद्यमी, व्यवसायी, सेवा प्रदायक तथा सङ्घसंस्थालाई सत्य, पूर्ण र विश्वसनीय विवरण उपलब्ध गराउन आग्रह गर्नुभयो।

सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ।

# गण्डकी प्रदेशसभा सदस्य कुँवरद्वारा राजीनामा घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

गण्डकी प्रदेशसभा सदस्य दोर्णकुमार कुँवरले पदबाट राजीनामा दिएको घोषणा गर्नुभएको छ।

विसं २०७९ को निर्वाचनमा बागलुङ-२ (२) बाट प्रदेशसभा सदस्यमा निर्वाचित कुँवरले बुधबार प्रदेशसभाका सभामुख कृष्णप्रसाद धिताललाई राजीनामा पत्र पठाउनुभएको हो।

सभामुख धितालले कुराकानी गर्दै कुँवरको राजीनामा 'ह्वाट्सएप'मार्फत आफूलाई प्राप्त भएको जानकारी दिनुभयो। "उहाँको राजीनामा पत्र 'ह्वाट्सएप'मार्फत मलाई प्राप्त भएको छ, प्रदेशसभा सचिवालयमा दर्ता भएपछि मात्र अरु कानुनी प्रक्रिया अगाडि बढ्छ", सभामुख धितालले भन्नुभयो। नेपाली कांग्रेसका तर्फबाट निर्वाचित प्रदेशसभा सदस्य कुँवरले आजदेखि नै लागू हुने गरी उक्त पदबाट राजीनामा दिएको उल्लेख गर्नुभएको छ। उहाँले आज भएको प्रदेश सरकारको मन्त्रिमण्डल पुनःगठनप्रति असन्तुष्ट रहँदै राजीनामा दिएको बुझिएको छ। कुँवरले प्रदेशसभा सदस्यको पूर्ण कार्यकाल पूरा गर्न नसकेकामा मतदाताप्रति क्षमा माग्नुभएको छ।

# पोखरा महानगरमा सबै वडामा विपद् प्रतिकार्यकर्ता तयार

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख



पोखरा महानगरपालिकाले विपद् तथा जोखिम न्यूनीकरण केन्द्र (डिआरआरसी) सञ्चालनमा ल्याएको छ।

पोखरा-९ शान्तिवनस्थित दमकल कार्यालयमा परिसरमा केन्द्र रहेको छ। महानगरले रु पाँच करोड २१ लाख लागतमा महानगर प्रहरी कार्यालय र केन्द्रको भवन निर्माण गरेको हो। केन्द्र नयाँ वर्षको दिन मङ्गलबारदेखि सञ्चालनमा ल्याइएको हो।

पोखरामा प्राकृतिक विपद्का घटना बढ्दै गएको सन्दर्भमा विपद् तथा जोखिम न्यूनीकरण केन्द्र स्थापना गरिएको हो। केन्द्रले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा बाढी, पहिरो, डढेलोलगायत सम्भावित विपद्का घटनामा पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ। पोखरासमेत विपद्जन्य घटनाको उच्च जोखिममा रहेको क्षेत्र हो। प्रहरी तथा डिआरआरसी एकै स्थानमा रहेकाले महागनरमा विपद् व्यवस्थापन तथा शान्ति सुरक्षा कायम गर्न तथा विपद् सामग्रीको भण्डारण गर्न सहयोग पुग्ने महागनर प्रमुख धनराज आचार्यले बताउनुभयो। उहाँका अनुसार केन्द्रमा प्रविधि जडान गरी जोखिमयुक्त क्षेत्रहरूको निगरानी, सूचना सङ्कलन र विश्लेषण गरिने छ। पोखरा महानगर विपद्का हिसाबले जोखिम क्षेत्र रहेको छ। यहाँका तालतलैया, गुफा, सेती नदीलगायत नदीहरूमा बर्सेनि प्राकृतिक विपद्का घटना हुने गरेका छन्। महानगर प्रमुख आचार्यले प्राकृतिक र गैरप्राकृतिक विपद्बाट हुने जनधनको क्षति कम गर्न महानगरले योजनाबद्ध हिसाबले काम गरेको बताउनुभयो।

"विपद्जन्य घटनामा प्रभावकारी उद्धार र परिचालनका लागि केन्द्रले एकै ठाउँबाट काम गर्नेछ। विपद् उद्धारका लागि आवश्यक दमकल, एम्बुलेन्स, उद्धार टोली र राहत सामग्रीको समन्वय अब एउटै केन्द्रबाट हुनेछ", आचार्यले भन्नुभयो।

महानगरका अनुसार ३३ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरेर स्थानीय समुदायलाई पहिलो प्रतिकार्यकर्ताका रूपमा तयार पारिएको छ। प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले पोखरा विपद् जोखिमका हिसाबले संवेदनशील रहेको बताउनुभयो। यहाँका खोँच, नदी, तालहरूका कारण जोखिम बढी रहेकाले सञ्चालनमा ल्याइएको विपद् जोखिम न्यूनीकरण केन्द्रले अप्ठ्यारो र सङ्कटको अवस्थामा प्रभावकारी काम गर्ने विश्वास व्यक्त गर्नुभयो।


# पोखरा महानगरमा सबै वडामा विपद् प्रतिकार्यकर्ता तयार

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

पोखरा महानगरपालिकाले विपद् तथा जोखिम न्यूनीकरण केन्द्र (डिआरआरसी) सञ्चालनमा ल्याएको छ।

पोखरा-९ शान्तिवनस्थित दमकल कार्यालयमा परिसरमा केन्द्र रहेको छ। महानगरले रु पाँच करोड २१ लाख लागतमा महानगर प्रहरी कार्यालय र केन्द्रको भवन निर्माण गरेको हो। केन्द्र नयाँ वर्षको दिन मङ्गलबारदेखि सञ्चालनमा ल्याइएको हो।

पोखरामा प्राकृतिक विपद्का घटना बढ्दै गएको सन्दर्भमा विपद् तथा जोखिम न्यूनीकरण केन्द्र स्थापना गरिएको हो। केन्द्रले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा बाढी, पहिरो, डढेलोलगायत सम्भावित विपद्का घटनामा पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ। पोखरासमेत विपद्जन्य घटनाको उच्च जोखिममा रहेको क्षेत्र हो। प्रहरी तथा डिआरआरसी एकै स्थानमा रहेकाले महागनरमा विपद् व्यवस्थापन तथा शान्ति सुरक्षा कायम गर्न तथा विपद् सामग्रीको भण्डारण गर्न सहयोग पुग्ने महागनर प्रमुख धनराज आचार्यले बताउनुभयो। उहाँका अनुसार केन्द्रमा प्रविधि जडान गरी जोखिमयुक्त क्षेत्रहरूको निगरानी, सूचना सङ्कलन र विश्लेषण गरिने छ। पोखरा महानगर विपद्का हिसाबले जोखिम क्षेत्र रहेको छ।

यहाँका तालतलैया, गुफा, सेती नदीलगायत नदीहरूमा बर्सेनि प्राकृतिक विपद्का घटना हुने गरेका छन्। महानगर प्रमुख आचार्यले प्राकृतिक र गैरप्राकृतिक विपद्बाट हुने जनधनको क्षति कम गर्न महानगरले योजनाबद्ध हिसाबले काम गरेको बताउनुभयो। "विपद्जन्य घटनामा प्रभावकारी उद्धार र परिचालनका लागि केन्द्रले एकै ठाउँबाट काम गर्नेछ। विपद् उद्धारका लागि आवश्यक दमकल, एम्बुलेन्स, उद्धार टोली र राहत सामग्रीको समन्वय अब एउटै केन्द्रबाट हुनेछ", आचार्यले भन्नुभयो। महानगरका अनुसार ३३ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरेर स्थानीय समुदायलाई पहिलो प्रतिकार्यकर्ताका रूपमा तयार पारिएको छ। प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले पोखरा विपद् जोखिमका हिसाबले संवेदनशील रहेको बताउनुभयो। यहाँका खोँच, नदी, तालहरूका कारण जोखिम बढी रहेकाले सञ्चालनमा ल्याइएको विपद् जोखिम न्यूनीकरण केन्द्रले अप्ठ्यारो र सङ्कटको अवस्थामा प्रभावकारी काम गर्ने विश्वास व्यक्त गर्नुभयो।



## राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं।

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

◆ आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याक्त प्राप्त गर्न,

◆ गणना अवधि: २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,

◆ कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ। सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# रमाइलोमा रम्दै आलु महोत्सवका दर्शक

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

चर्चित कलाकार समीक्षा अधिकारी बुधबार १४ औं राष्ट्रिय हेमजा आलु महोत्सवमा देखिइन् । उनले त्यहाँ दर्शकलाई आफ्नो गायन प्रस्तुति मार्फत भरपुर मनोरञ्जन पनि दिइन् ।



दुस्मन हेरेको हेयौं, कुरा बुझ्नु पर्दछ, नत्र भने जीन्दगी व्यर्थ छ बाटुली, शीरमा शिरवन्दी, ऐना हेर्दा हेर्दै, बाला पनको उमेर, जुन जस्ती रे, ममताकी खानी लगायतका दर्जन बढी गीत उनले त्यहाँ गाइन । त्यसमध्ये दुस्मन हेरेको हेयौं, कुरा बुझ्नु पर्दछ, नत्र भने जीन्दगी व्यर्थ छ बाटुली धेरै दर्शकले रुचाएको आभास मिल्थ्यो । प्रस्तुतिका क्रममा उनलाई दर्शकले मिठो साथ दिए । यतिसम्मकी आफ्ना गीत गाउन लाग्दा दर्शकले उनका गीत फटाफट आफै गाएर छमछमी नाचे । मैदानमा धुलो उडेर पानी नै हाल्नुपर्ने अवस्था सिर्जना भयो । समीक्षा जस्तै बुधबार महोत्सवमा कलाकारहरु कुमार पुन, तुलसा क्षेत्री, नवराज अधिकारी, दुर्गा क्षेत्री लगायतले पनि दर्शकलाई नचाए । त्यस्तै रत्यौली प्रतियोगितातर्फ गौरीशंकर आमा समूह, देवीस्थान आमा समूह र राधाकृष्ण आमा समूहले विभिन्न अभिनय मार्फत दर्शकलाई पेट मिचीमिची हसाए । त्यसका अलवा नृत्यतर्फ अम्बिका मा.वि, धवलागिरी बोर्डिङ, स्नो भ्यू स्कुल, अंकिता सुनार लगायतले पनि आफू सँगसँगै दर्शकलाई नचाए ।

महोत्सवमा बिहीबार कलाकारहरु श्याम राना, तारापति सुवेदी, पार्वती जिसी, लक्ष्मी नेपाली सुरेश थापा, गंगा परियारका प्रस्तुतिहरु रहने सांस्कृतिक उपसमिति संयोजक सुशिल श्रेष्ठले जानकारी दिए ।

महोत्सव अन्त्यतिर आइरहदाँ त्यहाँ आलु तथा अन्य सामाग्री किन्नेहरुको संख्यामा पनि बृद्धि भएको छ । महोत्सवको छैटौं दिन बुधबारसम्म करिव ६५ हजार दर्शकले महोत्सव अवलोकन गरेकोमा कुल ५ हजार ३ सय बढी घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक अर्जुन कार्कीले जानकारी दिए ।

त्यस्तै अन्य व्यापारिक स्टलहरुबाट समेत सामाग्री खरिद गर्नेहरुको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ । विशेष गरी त्यहाँ घरयासी सामग्री, लत्ताकपडा, भाडाकुडा किन्नेको संख्या बढी छ । त्यहाँ

आलुको परिकारको एउटा स्टल, कृषितर्फ ३० तथा अन्य १ सय बढी व्यापारिक स्टल रहेका छन् । सबै स्टलबाट व्यापार राम्रै भइराखेको छ, महोत्सव अन्तिम तिर भएकाले किनमेलका लागि घुइचो जस्तै लागेको छ, हामीहरु स्टल संचालकको निरन्तर सम्पर्कमा पनि छौं, बुधबार साँझसम्म गरी २ करोड ८० लाख बढीको कारोवार भएको अनुमान छ, आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले भने ।

त्यहाँ आलु खरिद गर्नकै लागि पोखरा लगायत छिमेकी अन्नपूर्ण एवम् माछापुच्छ्रे गाउँपालिका, स्याङजा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी, रुपन्देही लगायतका जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुगेका छन् । बुधबार साँझसम्म २६ लाख बढीको आलु कारोवार भएको छ । त्यहाँ प्रतिकेजी रु.३५ मा आलु बिक्री गरिएको छ ।

हेमजाको निलो आलु बढी स्वास्थ्यकर मानिने, छिटो पाक्ने तथा खानमा पनि स्वादिलो र मिठो हुने भएकाले अधिकाशं उपभोक्ताको रोजाईमा पर्ने गरेको छ । महोत्सव बाहेक हेमजाका अन्य स्थानहरुबाट समेत यतिवेला आलु लगायत कृषि उपजहरुको कारोवार भइरहेको छ । यही चैत २७ बाट सुरु महोत्सव बैशाख ५ गतेसम्म चल्नेछ ।

# कृषि मन्त्री भिम कार्कीको पहिलो निर्णय उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

गण्डकी प्रदेशका नवनियुक्त कृषि, भुमी ब्यबस्था तथा सहकारी मन्त्री भिम बहादुर कार्कीले पदभार ग्रहण गर्दै गण्डकी प्रदेशमा एघार जिल्लाका विभिन्न कृशकहरूलाइ पुरस्कृत गर्ने पहिलो निर्णय गरेका छन ।



बुधबार मुख्य मन्त्री सुरेन्द्रराज पाण्डेले मन्त्री परिषद पुनर्गठन गरे लगत्तै सपथ पस्चात मन्त्रालय पुगेर मन्त्री कार्कीले उक्त निर्णय गरेका हुन । सो अवसरमा मन्त्री कार्कीले आफुले सबैका सुझाव समेटेर कार्य योजना निर्माण गर्ने र सोही मुताबिकका नीति तथा कार्यक्रम तयार गर्ने प्रतिबद्धता व्यक्त गरे । गण्डकी प्रदेशको कृषि क्षेत्रलाइ थप सबलिकरण सहित जनताको आय आर्जनलाइ मजबुत बनाउनु छ । कृषीमा थप ब्यबसायिकता र आधुनिकीकरण मार्फत जनजिबिकालाई मजबुत बनाउनेतर्फ ध्यान केन्द्रित गर्ने भन्दै उनले अव्यवस्थित भुमिहिनहरूका समस्या समाधान गर्न प्रदेश सरकार मजबुत र प्रभाबकारी योजना सहित अघि बढ्ने उल्लेख गरे । सहकारी क्षेत्र थप ब्यबस्थित र मर्यादित बनाउने आफ्नो संकल्प भएको भन्दै कृषि, भुमी र सहकारी क्षेत्र आम जनताको जनजिबिकाको मुख्य आधार बनाउनेतर्फ सबैको ध्यान केन्द्रित गर्ने उल्लेख गरे ।

पदस्थापना कार्यक्रम केवल औपचारिकता मात्रै होइन यसले कृषकहरूलाइ पुरस्कृत गर्ने सुखद शुरुवात गरेको भन्दै बिगतका योजना र नीतिलाई थप सबलिकरण सहित कार्यान्वयनको निरन्तरता रहने उल्लेख गरे । मन्त्रालयका निमित्त सचिब बालकृष्ण अधिकारी सहितका कर्मचारीहरूले मन्त्री कार्कीलाइ स्वागत गरेका थिए ।

पदस्थापन अघि मन्त्री कार्की सहित एमालेको तर्फ नियुक्त मन्त्रीहरूले पोखरा ७ स्थित पुष्पलाल पार्क र झपिन्द्र पार्कमा पुष्पलाल र सहिदको शालिकमा माल्यार्पण सहित श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

# विद्यार्थीले तयार गरेका बाँसका सामग्री अतिथिलाई उपहार

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

विभिन्न औपचारिक समारोहमा आमन्त्रित पाहुनालाई सम्झनास्वरुप बजारबाट आयातित सामग्री उपहार दिने परम्परा सामान्यजस्तै बनेको छ । तर पोखरा महानगरपालिका-१७ मा हालै आयोजित एक कार्यक्रमले यो परम्परालाई फरक ढङ्गले प्रस्तुत गरिएको छ ।



नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन समारोहमा सहभागी अतिथिहरूलाई स्थानीय विद्यार्थीका सिर्जनात्मक हातबाट बनेका बासका सामग्री उपहार प्रदान गरिएको थियो । जानकी माध्यमिक विद्यालय पोखरा-१७ महतगौडामा कक्षा ५ देखि ८ मा अध्ययनरत विद्यार्थीले निर्माण गरेका सामग्री वितरण गरिएको हो । विद्यार्थीले तयार पारेका बाँसका पेन होल्डर, ढकियालगायतका सामाग्री वडाध्यक्ष राधिका शाही योगीले नगरप्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ र प्रमुख प्रशासकीय अधिकृत मुक्तिराज अर्याललाई हस्तान्तरण गर्नुभयो ।

उक्त सामग्री केवल उपहारमात्र नभई विद्यार्थीको सीप, मेहनत र सिर्जनशीलताको प्रतीक बनेको थियो । कार्यक्रममा उपस्थित अधिकांश सहभागीहरूले परम्परागत उपहारभन्दा फरक, स्थानीय स्रोत र श्रमको प्रयोगबाट बनेका सामग्रीले गहिरो प्रभाव पारेको प्रतिक्रिया दिएका थिए । बजारमा सजिलै पाइने वस्तुभन्दा आफ्नै गाउँ समुदायका बालबालिकाले बनाएका सामग्रीले आत्मीयता र मौलिकताको अनुभूति गराएको उनीहरूको सामुहिक भनाई थियो । गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयको आर्थिक सहयोगमा विद्यार्थीका लागि सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम अन्तर्गतको एक लाख ५० हजार रुपैयाले तालिम सञ्चालन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाले जानकारी दिनुभयो ।

विद्यालय विदाको समयको सदुपयोग गर्दै सञ्चालन गरिएको उक्त तालिमले विद्यार्थीलाई सीपमूलक शिक्षासंग जोड्नुका साथै उनीहरुमा आत्मनिर्भरता र सृजनशीलता विकास गर्न मद्दत पुगेको उहाँको भनाइ छ । बाँसका सामान बिक्रीबाट भएको रकम विद्यार्थी र विद्यालयको आयआर्जनसँग जोडिने गरेको विद्यालयका प्रधानाध्यापक अर्जुन कँडेलले जानकारी दिनुभयो ।

स्थानीय स्रोत, सीप र सिर्जनालाई प्राथमिकता दिने यस्तो अभ्यासले एकातिर आयातित वस्तुमा निर्भरता घटाउने सङ्केत दिएको छ भने अर्कातर्फ विद्यार्थीको प्रतिभा उजागर गर्ने अवसरसमेत सिर्जना गरेको प्रशिक्षक कमल आचार्य बताउनुहुन्छ । तालिममा २५ जना विद्यार्थीको सहभागिता रहँदै आएको छ । यस घटनाले औपचारिक कार्यक्रममा प्रयोग हुने उपहारको परम्परामा नयाँ सोच र दिशाको सङ्केत गर्दै स्थानीय उत्पादन, स्थानीय सम्मान भन्ने सन्देश प्रवाह गरेको उहाँको भनाइ छ ।

# जेनजी अन्दोलनको प्रतिवेदन कार्यान्वयन गर्न 'सुरक्षा संयन्त्र' का हकमा अध्ययन समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

सरकारले गत भदौ २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न गठित आयोगले पेस गरेको प्रतिवेदन कार्यान्वयनबारे सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न समिति गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा तीन सदस्यीय समिति बनाउने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

समितिको सदस्यमा सशस्त्र प्रहरी बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई रहनुभएको छ ।

मन्त्रिपरिषद्को बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोषमा स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने एक मिलियन स्वीस फ्रान्क अनुदान सहायता प्राप्त गर्ने निर्णय गरेको शिक्षामन्त्री पोखरेलले बताउनुभयो ।

# माछापुच्छ्रे गाउँपालिकामा नि:शुल्क आँखा शिविर शुरु

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा निःशुल्क आँखा शिविर सञ्चालन भएको छ । माछापुच्छ्रे गाउँपालकिा, कास्कीको आयोजना श्री देवीरवण-कृष्णकुमारी स्मृति प्रतिष्ठानको संयोजन तथा व्यवस्थापनमा पालिकामा शिविर सञ्चालन भएको हो ।

हिमालय आँखा हस्पीटल र आई केयर फाउण्डेशनको सहयोगमा भएको उक्त शिविर माछापुच्छ्रे गाउँपालिकाका सबै वडामा सञ्चालन हुने छ । बुधबार माछापुच्छ्रे गाउँपालिकाको वडा नं. २ स्थित सार्दीखोला स्वास्थ्य चौकीबाट शुरु भएको यो शिविर पालिका सवै वडामा सञ्चालन हुनेछ । जस अन्तर्गत ३ गते वडा नं. १ को माछापुच्छ्रे स्वास्थ्य चौकी, ४ गते घाचोक स्वास्थ्य चौकी, ६ गते वडा नं. ५ को रिभान स्वास्थ्य चौकी, ७ गते वडा नं. ९ को सिधिई सामुदायिक स्वास्थ्य इकाई, ८ गते वडा नं. ८ को आधारभूत स्वास्थ्य चौकी, ९ गते वडा नं.६ को मणिडाँडा सामुदायिक स्वास्थ्य इकाई, १० गते वडा नं. ७ को धम्पुस सामुदायिक स्वास्थ्य इकाई र ११ गते वडा नं. ४ लाहाचोक स्वास्थ्य चौकीमा विहान १० वजे देखि वेलुका ४:३० वजे सम्म शिविर सञ्चालन हुने छ । सार्दिखोलामा बुधबार भएका शिविरमा २ सय २० जनाले आँखा परिक्षण गरेका थिए । जसमध्ये ५१ जनालाई मोतियाबिन्दु देखिएको छ । ती मध्ये १८ जनाको तत्काल मोतियाबिन्दुको सल्यक्रिया गर्नुपर्ने देखिएको सार्दीखोला स्वास्थ्य चौकीकी प्रमुख अनिता घिमिरेले जानकारी दिईन् । आँखा परिक्षण गरेका मध्ये ३१ जनालाई अन्य समस्या देखिएकाले हिमालय आँखा अस्पतालमा थप उपचारका लागि रिफर गरिएको छ । शिविरमा आँख परिक्षण गर्न आउने विरामीका लागि निशुल्क औषधिको व्यवस्था प्रतिष्ठानले गरेको छ भने मोतियाबिन्दुको सल्यक्रिया निशुल्क रुपमा अस्पतालमा नै हिमालय आँख अस्पतालले गर्ने भएको छ । विरामीलाई अस्पताल सम्म जाने आउने वसको व्यवस्था पालिकाले गर्ने भएको छ । पालिकाका सबै वडामा शिविर सम्पन्न गरेपछि सल्यक्रिया गर्नु पर्ने विरामीलाई असप्तालमा नै लगेर सल्यक्रिया गरिने व्यवस्था गरिएको गरिएको श्री देवीरवण-कृष्णकुमारी स्मृति प्रतिष्ठानका अध्यक्ष डा. अनिल सुवेदीले जानकारी दिए । उक्त शिविरमा हिमालय आँखा अस्पतालका दृष्टि विशेषज्ञ समिक्षा श्रेष्ठ, शैलेश्वरी ओझा, निकिता महर, कृतिका पण्डितका टोलीले आँखा जाँच गरेका थिए । यसअघि कार्यक्रमको उद्घाटन गर्दै माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङले पालिका दुरदराजका नागरिको स्वास्थ्य र शिक्षामा पहुँच पुर्‍याउनका लागि पालिकाले विभिन्न संघ संस्था सँग सहकार्य गरेका यस्ता खालका कार्यक्रम गर्दै आएको बताए । 'पालिका भित्र सवै नागरिकलाई शिक्षा र स्वास्थ्यमा पहुँच पुर्‍याउनका लागि पालिकाले कार्यक्रमहरु ल्याउने गरेको छ त्यसैको उदहारण यो प्रतिष्ठान सँग हामीले सहकार्य गरेका हौ' अध्यक्ष गुरुङले भने,'पालिकामा एक चोटी सवै वडामा आँख शिविर सञ्चालन गर्ने प्रतिष्ठान प्रति हामि पालिकाको तर्फबाट आभार प्रकट गर्दछौं ।' सबै वडामा शिविर सञ्चालन हुने भएकोले आफ्नो पायक पर्ने ठाउँबाट लाभ लिन पालिकाका सबै नागरिकलाई उनले आग्रह गरे । श्री देवीरवण-कृष्णकुमारी स्मृति प्रतिष्ठानका अध्यक्ष डा. अनिल सुवेदीले विगत ४ वर्ष देखि दुर्गम क्षेत्रमा नागरिकलाई स्वास्थ्यमा पहुँच पुर्‍याउनका लागि आँखा शिविर सगै विभिन्न खालका स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको बताए ।




'स्व.वुवा र आमाको नाम प्रतिष्ठान स्थापन भएदेखि नै दुर्गम भेगमा रहेका नागरिकलाई लक्षित गरेर विभिन्न खालको स्वास्थ्य शिविर सञ्चालन गर्दै आएका छौ' उनले भने, 'शिविरबाट बढि भन्दा बढि यहाँका नगारिकले लाभ लिन म आग्रह गर्दछु ।' प्रतिष्ठानले महिला समाजसेवी, शिक्षा क्षेत्रमा काम गरेका व्यक्ति तथा गरिव विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

माछापुच्छ्रे गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष गणेश आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा माछापुच्छ्रे गाउँपालिका स्वास्थ्य शाखाका संयोजक डिल्लिराम दाहाल, हिमालय आँखा अस्पतालका बाह्य कार्यक्रम संयोजक शुभाष नेपाल सार्दिखोला स्वास्थ्य चौकीकी प्रमुख अनिता घिमिरेलगायतले बोलेका थिए ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# कार्की आयोगको दोस्रो भाग नहोस्

बालेन्द्र साह सरकारले जनआन्दोलन २०६२/०६३ को जनआन्दोलन र राजनीतिक परिवर्तनपछि नेपालमा सार्वजनिक पद धारण गर्ने राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीको सम्पत्तिको स्रोतबारे जाँचबुझ गर्न आयोग गठन गरेको छ । जेनजी आन्दोलनको माग पनि उच्च पदस्थको सम्पत्ति बारे छानबिन गरि भ्रष्टाचार गरेर कमाएकाहरुको राष्ट्रियकरण गर्नु थियो । जेनजी आन्दोलनबाट बनेको सुशीला कार्की सरकारको तीनवटा मुख्य काम थिए । जेनजी आन्दोलनमा गरिएको राज्य दमनबारे छानबिन र सरकारी सम्पत्ति जलाएर विध्वंस गर्नेमाथि छानबिन थियो । त्यस्तै भ्रष्टाचार छानबिन र प्रतिनिधिसभा सदस्यको निर्वाचन । फागुन २१ को निर्वाचन सम्पन्न र भदौ २३ र २४ को छानबिन गर्न जाँचबुझ आयोग गठन गर्यो । तर भ्रष्टाचारबारे सम्पत्ति छानबिन मा कुनै काम अघि बढेन । चुनावपछिको सरकारले सम्पत्ति छानबिन आयोग गठन गरेसँगै वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलदेखि वर्तमान प्रधानमन्त्री बालेन्द्र शाहसम्म जाँचबुझको दायरामा परेका छन् । सरकारले मिति नतोकी केवल वर्ष मात्र सार्वजनिक गरेको छ ।

बालेन्द्र साह सरकारले गठन गरेको आयोगले काम गर्न सक्ने क्षेत्राधिकार धेरै छ । २०६३ वैशाख ११ गते राति तत्कालीन राजा ज्ञानेन्द्र शाहले २०५९ साल जेठ ८ गते विघटन भएको संसद् पुनः स्थापना गरेका थिए । त्यसको आधारमा २०६२ लाई वैशाख १ बाट हेर्ने हो भने तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष रहेका ज्ञानेन्द्र शाहको सम्पत्तिको स्रोत समेत छानबिनको दायरामा पर्ने भएको छ । गणतन्त्रको घोषणापछि डा. रामवरण यादवः प्रथम राष्ट्रपति बनेका थिए । त्यसपछि विद्यादेवी भण्डारी र अहिले पौडेल राष्ट्रपति छन् । २०६२ देखि यताका प्रधानमन्त्री हेर्ने हो भने गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराई,खिलराज रेग्मी, सुशील कोइराला,केपी शर्मा ओली, शेरबहादुर देउवा र सुशीला कार्की प्रधानमन्त्री भएका थिए । यी सबैको सम्पत्ति छानबिनको दायरामा परेको छ। यीमध्ये गिरिजाप्रसाद र सुशीलको मृत्यु भइसकेको छ ।

यो बिचमा उच्च पदस्थ कर्मचारी भनेको कुन तहसम्म हो सो सार्वजनिक भएको छैन । यसमा मुख्य सचिवहरू मात्र हेर्ने हो भने पनि २०६२ यता विमल कोइराला, लोकमानसिंह कार्की, मुकुन्द शर्मा पौडेल, डा भोजराज घिमिरे,माधव प्रसाद घिमिरे, लीलामणि पौड्याल, डा सोमलाल सुवेदी, राजेन्द्र किशोर क्षेत्री, लोकदर्शन रेग्मी, शंकर वैरागी, डा वैकुण्ठ अर्याल, लीलादेवी गड्तौला र एक नारायण अर्याल रहेका छन् । यसमा सुरक्षा निकायका प्रमुखहरू, संवैधानिक निकायका प्रमुखहरू लगायतको सम्पत्ति विवरणबारे जाँचबुझ हुने हो या हैन त्यो खुलेको छैन । सरकारका प्रवक्ता सस्मित पोखरेलले सार्वजनिक गरेको निर्णयमा २०६२ देखि २०८३ सम्म भनेकाले यसमा २०६२ को ज्ञानेन्द्र शाहको मन्त्रीपरिषद्देखि अहिले बालेन्द्र शाहको मन्त्रीपरिषद्सम्मका सदस्यहरूको सम्पत्ति समेत जाँचबुझको दायरामा आएको छ ।

यो बिचमा नेपाली कांग्रेस, एमाले, माओवादी, मधेसवादी दलका नेताहरू र राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुष्पकमल दाहाल प्रचण्डको सरकारमा गएका रवि लामिछाने, डीपी अर्यालसहित नागरिक सरकारमा मन्त्री रहेकाहरूको सम्पत्ति समेत छानबिनको दायरामा आएको छ । न्यायाधीश र सेना बारे कुनै उल्लेख नभएको हुँदा केवल नेता र कर्मचारी मात्र छानबिनमा पर्दा अरु छुट्छनायो अपुरो हुन्छ । यो पनि गौरी बहादुर कार्की आयोगको प्रतिवेदन जस्तो एकपक्षीय भएमा राजनीतिक प्रतिशोध साँध्ने निहुँ नबनोस् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मल्कवाङमा खानेपानीको पहुँच पुग्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ बैशाख

धवलागिरि गाउँपालिका–५ मल्कवाङमा 'एक घर, एक धारा'सहितको खानेपानी आयोजना निर्माण भएको छ ।

कुल रु ५४ लाख ३६ हजार ४२ को लागतमा निर्माण भएको आयोजनाबाट ८९ वटा धारामार्फत घरघरमा खानेपानी वितरणको व्यवस्था मिलाइएको हो । ८६ निजी घर, विद्यालय, स्वास्थ्यचौकी र वडा कार्यालयमा मिटरसहितको निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको उपभोक्ता समितिका अध्यक्ष रासबहादुर छन्त्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेवा संस्थाको रु २६ लाख ९९ हजार ८४, गाउँपालिकाको रु १९ लाख २५ हजार १११ लगानी भएको योजना निर्माणका लागि उपभोक्ताले रु एक लाख ५७ हजार ९३० नगद लगानी र रु छ लाख ५३ हजार ९१७ बराबरको श्रमदान गरेका छन् ।

मल्कवाङमा यसअघि सार्वजनिक धारामार्फत खानेपानी वितरण हुने गरेको थियो । आँगनकै धारामा नियमित स्वच्छ खानेपानी आपूर्ति भएपछि समयको बचत र झन्झट हटेको छ । धवलागिरि गाउँपालिका–५ को मल्कवाङ, मलम्पार र भेडिखाल्टा टोलका एक सय ८५ घरमा निजी धारा जडान गरेर खानेपानी सुविधा विस्तार गरिएको वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

# प्रधानमन्त्री कपको आजको खेलमा मधेस प्रदेश विजयी

**रासस**
काठमाडौं, २ बैशाख

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गतको बुधबारको खेलमा मधेस प्रदेशले नेपाल पुलिस क्लबलाई पराजित गरेको छ ।

बुधबार वीरगञ्जको नारायणी रङ्गशालामा भएको खेलमा मधेस प्रदेशले चार विकेटले नेपाल पुलिस क्लबलाई हराएको हो । नेपाल पुलिस क्लबले ४० दशमलव ३ ओभरमा सबै विकेट गुमाएर १३० रन जोडेको थियो ।

नेपाल पुलिस क्लबका कुशल भुर्तेलले ४२ बलमा ३९ रन जोडेका थिए । त्यस्तै नेपाल पुलिस क्लबका शङ्कर रानाले ६१ बल खेल्दै २७ रन जोडेका थिए । मधेस प्रदेशका आशिक बैंठा र पवन सर्राफले समान तीन–तीन विकेट लिएका थिए । मधेस प्रदेशले २४ दशमलव १ ओभरमा छ विकेट गुमाउँदै एक सय ३१ रन जोडेको थियो । मधेस प्रदेशका अरनिको यादवले ४४ बल खेल्दै ६५ रन जोडेका थिए भने रूपेश सिंहले पनि २९ बलमा २७ रन जोडेका थिए । नेपाल पुलिस क्लबका गुल्सन झाले तीन विकेट र सागर ढकालले दुई विकेट लिएका थिए । बुधबारको खेलमा मधेस प्रदेशका अरनिको यादव प्लेयर अफ दि म्याच घोषित हुँदै नगद रु पाँच हजार पुरस्कार पाएका छन् । प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल यही वैशाख ४ गते हुँदैछ ।

# स्थानीय तहसँग मागियो विद्यालय समायोजनको विवरण

**रासस**
काठमाडौं, २ बैशाख

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानवस्रोत विकास केन्द्रले सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको कार्यान्वयनका क्रममा विद्यालय समायोजन र नयाँ स्थापना गरिएका विद्यालयको विवरण मागेको छ ।

केन्द्रले सबै स्थानीय तहलाई पत्राचार गरेर मन्त्रिपरिषद्को गत चैत १३ को बैठकको निर्णयमा रहेको १०० बुँदे कार्यसूचीअन्तर्गत पर्ने विद्यालय शिक्षा क्षेत्रका विषयबारेको विवरण मागेको हो । केन्द्रले भौगोलिक सूचना प्रणालीको प्रयोगमार्फत् वैज्ञानिक नक्साङ्कन गरी जनसङ्ख्याको बदलिँदो स्वरुप, भौगोलिक विकटता, विद्यार्थी सङ्ख्या र दुरी आदिका आधारमा विद्यालय समायोजन गरिएका तथा नयाँ स्थापना गरिएका विद्यालयको विवरण स्थानीय तहसँग मागेको छ ।

केन्द्रका निर्देशक डा श्यामप्रसाद आचार्यले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ बमोजिम निजी लगानीका विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालय ऐनद्वारा निर्धारित अनुपातमा अनिवार्यरूपमा छात्रवृत्ति उपलब्ध गराउने विद्यालयगत विद्यार्थी विवरण पनि माग गरिएको बताउनुभयो । यसैगरी, विविध कारणले जन्मदर्ताको प्रमाणपत्र प्राप्त गर्न नसकेका बालबालिकाका हकमा स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउने र त्यसरी भर्ना भएका विद्यार्थी विवरण पनि माग गरिएको छ ।

## सार्वजनिक सूचना

पाल्पा जिल्ला रामपुर–३ बस्ने सर्मिला ओस्ती (ना.प्र.नं.२१८३२) को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १७ तल्लो बिरौटाको कित्ता नं. २०५ को क्षेत्रफल १२७.२ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. १८९ र दक्षिण तर्फ कि. नं. २०४ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# तनहुँका दुई पालिकामा केन्द्रीय निर्देशनअगावै पठनपाठन हुने

**पोखरापत्र संवाददाता**
तनहुँ, २ बैशाख

सङ्घीय सरकारले शैक्षिक सत्र २०८३ को पठनपाठन वैशाख २१ गतेबाट सुरु गर्न निर्देशन दिएको पनि तनहुँका दुई स्थानीय तहले त्यसअघि नै पठनपाठन सुरु गर्ने भएका छन् ।

आबुँखैरेनी गाउँपालिकाले बुधबार अर्थात् आजदेखि र बन्दीपुर गाउँपालिकाले वैशाख ९ गतेदेखि पठनपाठन सुरु गर्ने भएका छन् । दुवै पालिकाले सोमबार सूचना प्रकाशित गरी पठनपाठन सुरु हुने मिति ताकिसकेका छन् । "सङ्घीय सरकारले वैशाख २१ देखि पठनपाठन सुरु गर्ने निर्णय गरे पनि नेपालको संविधान तथा प्रचलित कानुनअनुसार आधारभूत तथा माध्यमिक तहसम्म शिक्षाको व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहको भएबमोजिम स्थानीय आवश्यकतालाई मध्यनजर गरी यो निर्णग गरिएको हो । गाउँ कार्यपालिकाको चैत ३० गतेको निर्णयअनुसार गाउँपालिकाको शैक्षिक क्यालेन्डरबमोजिम अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयले वैशाख २ गतेदेखि विद्यार्थी भर्ना अभियान तथा पठनपाठन गर्न गराउन सूचना प्रकाशित गरिएको छ", आबुँखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले भन्नुभएको छ । यसैगरी बन्दीपुर गाउँपालिकाले गाउँ शिक्षा समितिको निर्णयअनुसार आजदेखि ८ गतेसम्म भर्ना अभियान सञ्चालन गर्ने, शैक्षिक सत्र २०८३ को कार्ययोजना र वार्षिक कार्यतालिका निर्माण, विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धी योजना र वैशाख ९ गतेबाट नियमित पठनपाठन सुरु गर्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद लामिछानेले जारी गरेको सूचनामा उल्लेख छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले चैत २६ गते देशभरका सबै स्थानीय तहलाई पत्र पठाउँदै शैक्षिक सत्र २०८३ को भर्ना अभियान वैशाख १५ र पठनपाठन २१ गतेबाट मात्र सुरु गर्नलगायत निर्देशन दिएको छ ।

# आस्था साकोसको स्थापना दिवसमा स्टेसनरी तथा खेलकुद सामग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

आस्था बचत तथा ऋण सहकारी संस्था लि को १६ औ स्थापना दिवसका अवसरमा पोखरा १८, भकुन्डेस्थित हिमाली बाल कल्याण संरक्षण मंचमा रहेका बालबालिकाहरुका लागि स्टेशनरी तथा खेलकुदका सामग्री वितरण कार्यक्रम सम्पन्न भयो ।

हिमाली बाल कल्याण संरक्षण मञ्चका उपाध्यक्ष टंक प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आस्था साकोसका प्रमुख कार्यकारी अधिकृत नारायण प्रसाद आचार्यले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए भने आस्था साकोसका अध्यक्ष कृष्ण प्रसाद आचार्यले यस्तो कार्यक्रम गर्न पाउदा गौरवको अनुभुति गर्दै हिमाली बाल कल्याण संरक्षण मञ्चले गरेको यो काम अत्यन्त सराहनीय रहेको धारणा व्यक्त गरे साथै सम्पूर्ण बालबालिकाको समुज्ज्वल भविष्यको कामना गरे। कार्यक्रममा आस्था साकोसका अध्यक्ष कृष्ण प्रसाद आचार्यले संरक्षण मञ्चका उपाध्यक्ष टेक प्रसाद गुरुङलाई स्टेसनरी तथा खेलकुदका सामग्री हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा संरक्षण मञ्चका उपाध्यक्ष टेक प्रसाद गुरुङले आफ्नो संस्थाले गरेका क्रियाकलापहरुको जानकारी गराउदै आस्था साकोसलाई हार्दिक धन्यवाद सहित मायाको चिनो प्रदान गरे। कार्यक्रममा आस्था साकोसका संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी सदस्यहरु, हिमाली विद्यालयका शिक्षकवर्ग, पालनपोषण गर्ने आमाहरु, बालबालिकाहरु समेतको उपस्थिति रहेको थियो ।

आस्था साकोसका सेयर सदस्य एवम् हिमाली बाल कल्याण संरक्षण मञ्चका सदस्य राजेन्द्र पौडेलको संयोजनमा सम्पन्न उक्त औपचारिक कार्यक्रमको संचालन आस्था साकोसका सचिब ज्ञानेश्वर सुवेदीले गरेका थिए। स्मरण रहोस् , आस्था साकोसले स्थापना वर्षको पावन अवसरमा यस्तै प्रकारका सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यक्रमहरु निरन्तर गरिरहेको छ ।

# चौथो गोरखा–जितगढी पदयात्रा आइपुग्यो पाल्पा

**रासस**
काठमाडौं, २ बैशाख

चौथो गोरखा–जितगढी पदयात्रामा सहभागी नेपाली सेनाको टोली पाल्पा आइपुगेको छ । सो टोली गोरखा, तनहुँ, स्याङ्जा हुँदै आज पाल्पा आइपुगेको हो ।

टोलीले चैत २७ गतेदेखि पदयात्रा सुरु गरेको थियो । पदयात्रामा आएको फौजले पाल्पामा तैनाथ फौजलाई पाल्पा र स्याङ्जाको सिमाना केलादीघाटमा झण्डा हस्तान्तरण गरेको छ । उक्त टोलीलाई आज बिहान भव्य स्वागत गरिएको छ । स्वागतमा तनहुँबाट आएको सेनाको टोलीले पाल्पाको रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापालाई झण्डा हस्तान्तरण र २ नम्बर राज दल गणका प्रमुख सेनानी अनुप थापाले २२ नम्वर गणका बाहिनी पति विमलराज शर्मालाई बलेको दियो टर्च हस्तान्तरण गर्नुभएको थियो । टोलीलाई पाल्पास्थित नेपाली सेनाको दि फेमस महिन्द्र दल गणले केलादीमा स्वागत गरेको हो । ऐतिहासिक महत्व बोकेका गढी, किल्ला, युद्धस्थल, पदमार्गलगायतका धरोहरको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने तथा सैनिक इतिहासको जगेर्ना गर्ने उद्देश्यले सेनाले पदयात्रा गरिरहेको छ । उक्त पदयात्राका क्रममा सेनाको टोली अहिले पाल्पा आइपुगेको हो । यात्राले ऐतिहासिक गढी, किल्ला, दरबार तथा एकीकरणको क्रममा प्रयोग भएका मार्गहरू पहिचान गरी, संरक्षण, सम्वर्द्धन र विकास गर्न सघाउ पुग्ने प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुँवरले विश्वास व्यक्त गर्नुभयो । नेपाली सेनाको आयोजना र स्थानीय तहहरूको सहयोगमा सेना पदयात्रामा निस्किएको हो । उक्त टोलीको प्रतिनिधिमण्डल र पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण'ले पाल्पाको गढी तथा किल्लासम्मको यात्रा गर्ने छन् । उक्त टोलीले पहिलो दिन केलादीघाट हुँदै विरकोट, पूर्वखोला ३५ किलोमिटर यात्रा गर्दै छ। वैशाख ३ गते विरकोट, पूर्वखोलादेखि गोठादी, माथागढी, ३९ किलोमिटर टोलीले पदयात्रा गर्ने पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण' कार्यवाहक सेनानी डिलबहादुर राना मगरले जानकारी दिनुभयो । उहाँका अनुसार वैशाख ४ गते गोठादी, माथागढीदेखि प्रभास, तानसेन ३५ किलोमिटर यात्रा गर्ने छ । वैशाख ५ गते प्रभास–तानसेन काजीपौवा हुँदै प्रभास १७ किलोमिटर यात्रा गर्ने छ । वैशाख ६ गते प्रभासदेखि दोभान ३२ किलोमिटर यात्रा हुने छ । वैशाख ७ गते नेपाली सेनाले अङ्ग्रेज सेनालाई पराजित गरी विजय उत्सव गरेको दिन पदयात्रा टोलीले दोभान नुवाकोटगढी देउरालीमा पुगी बुटवलको टोलीलाई झण्डा हस्तान्तरण गरी जितगढी विजय उत्सवमा सहभागी हुने कार्यक्रम रहेको छ । तत्कालीन समयमा राज्य एकीकरणको क्रममा प्रयोग भएका सम्पदा गढी, किल्ला, मार्ग देखि नेपाल–अङ्ग्रेज युद्ध र नेपाली सेनाको विरासतसँग जोडिएका ऐतिहासिक दस्ताबेज, महिमालाई नयाँ पुस्तामाझ पुनर्ताजगी गराउन पदयात्राले सहयोग गर्ने विश्वास लिइएको छ ।

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००१८७९ | सम्झना गौतम | पुरन्चौर ५, कास्की |
| २ | PLI १६१०००४८७३ | सनिष भण्डारी | सिम्पानी ४, लामजुङ |
| ३ | PLI १६१०००४०२१ | जय देवी सापकोटा | थुमाकोदण्ड ७, कास्की |
| ४ | HLI ४०२४०००१२६८ | लोक माया थापा | ओरष्टे ७, बिरुवा स्याङ्जा |

# ओफ्लेलमा सिद्धार्थ राजमार्ग

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २ वैशाख

चैत्र २५ गते प्रतिनिधि सभा बैठकमा स्याङ्जा क्षेत्र नं. २ का सांसद फविलाल डुमेले सिद्धार्थ राजमार्गको विषय उठान गरे । सिद्धार्थ राजमार्गको दयनीय अवस्थाका बारेमा विषय उठाउदै सांसद डुमेले स्तरोन्नतिको सरकारसगँ माग गरे । संसदमा सिद्धार्थ राजमार्गको स्तरोन्नतिको विषय उठेको यो पहिलो पटक भने होइन । २०६४ सालदेखी २०८२ सालसम्म भएका संविधानसभा निवार्चन र प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित सांसदले संसदमा यो राजमार्गको विषय उठाउदै आएका छन् । सांसद डुमे भन्दा अगाडीका सांसदहरुले पनि संसदको शुन्य समयमा सिद्धार्थ राजमार्गको दयनीय अवस्थाका बारेमा बोल्दै आएका थिए । संसदमा कुरा उठ्छ, बजेटमा पनि समेट्ने काम हुन्छ तर सधै स्तरोन्नतिको काम अन्योलमा पर्दै आएको छ । दुई प्रदेश जोड्ने धार्मिक पर्यटकीय देखि व्यापारीक राजमार्ग लामोसमय देखी बन्छ भन्ने आश्वासनले स्याङ्जावासी चिन्तित् देखिएका छन् ।

फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा पनि यो राजमार्गको स्तरोन्नतिका लागि सबै दलहरुका घोषणपत्रमा बनाउन पहल गर्ने उल्लेख गरेका थिए । यो पटक मात्रै यसभन्दा अगाडीका निर्वाचनमा पनि सबै राजनीतिकदलहरुले आ–आफ्ना घोषणापत्रमा सिद्धार्थ राजमार्गको स्तरोन्नोतिका लागि पहल गर्ने प्रतिवद्धता जनाएका थिए । तर जुनसुकै राजनीतिकदलको सरकार बनेपनि यो राजमार्ग प्राथमिकतामा पर्न सकेन । नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका



दलहरु भौतिक पूर्वाधार तथा आधार भूत विषयलाई समेटेर निर्वाचनमा गएका थिए । सवै दलहरुको अत्यधिक चर्चा हुँदै आएको सिद्धार्थ राजमार्गको स्तरोन्नतिको विषयलाई साझा मुद्दा बनाए पनि अहिलेसम्म प्राथमिकतामा पार्न भने सकेका छैनन् । २०२९ सालमा राजा विरेन्द्रले विधिवत उद्घाटन गरेपछि शुरु भएको सिद्धार्थ राजमार्ग नेपालकै पुरानो मध्येको एक सडक हो । तराई पहाड जोड्नेगरी निर्माण गरिएको यो राजमार्ग कुनै बेलाको महत्वपुर्ण सडकको रुपमा रहेको थियो । भारतको नाका सुनौली देखी पोखरासम्मको यो राजमार्गले रुपन्देही, पाल्पा सगै तत्कालिन गण्डकी अञ्चल र धौलागिरी अञ्चलका नागरिकको दैनिकी धान्ने सडक पनि हो । पछिल्लो समय सवारीसाधनको चाप बढेपछि साघुरिएको यो राजमार्ग स्तारोन्नतीको लागि प्रत्येक पटकको चुनावी एजेन्डा बन्दै आएपनि अहिले सम्म बन्न सकेको छैन । झण्डै ६० वर्ष पुरानो यो मार्ग साँघुरो, घुम्ती र जिर्ण बन्दै गइरहेका कारण हाल कालीगण्डकी करिडोरलगायतका वैकल्पिक मार्गहरूको प्रयोग बढ्दो छ, जसले मार्ग वरपरका बजार ओफेलमा पर्ने स्थानीय चिन्ता बढेको छ । यो क्षेत्रको विकासको लागि सिद्धार्थ राजमार्ग महत्वपूर्ण रुपमा हेरिन्छ । लामो समय देखि स्तरोन्नतिको पर्खाईमा रहेको यो राजमार्गको बिषयले धेरै मतदाताको ध्यान तान्ने गर्दछ । गोपालमान् श्रेष्ठ,पद्मा कुमारी अर्याल, कमल पगेनी, धनराज गुरुङ, नारायण मरासिनी, राजु थापालाई निर्वाचित गरे पनि राजमार्ग स्तरोन्नति अधुरै रहेको भन्दै गुनासो गर्दै आएका छन् । स्याङ्जाबाट निर्वाचित भएका सांसदहरुले पटक–पटक संसदमा राजमार्गको स्तरोन्नतीको विषय नउठाएका पनि होइनन् ।

आर्थिक बर्ष २०८२/०८३ को बजेटमा राजमार्ग स्तरोन्नतीको काम शुरु हुन्छ भन्ने ढुक्कमा रहेका स्याङ्जावासी जेनजी आन्दोलनअघि तत्कालिन अर्थमन्त्री रहेका विष्णु पौडेलले सिद्धार्थ राजमार्गका लागि बजेटविनियोजन गरेको चर्चा चलेको थियो तर अहिले त्यो यसै सेलाएको छ । नेपाली कांग्रेस स्याङ्जाका सभापति तथा पूर्व सांसद राजु थापाले संसदमा रहँदा बारम्बार आफूले राजमार्ग स्तरोन्नतिका लागि आवाज उठाउँदै आएको बताए । यो पटकको बजेटमा राजमार्गको काम शुरु हुने थियो सभापति थापाले भने,'जेनजी आन्दोलनपछि राजमार्ग बन्ने बिषय अन्योलमा पर्‍यो ।' जुन पार्टीको सरकार बनेपनि सिद्धार्थ राजमार्गलाई साझा मुद्दा बनाएर सबैदलहरु लाग्नुपर्छ उनले भने ।

स्याङ्जाको आर्थिक मेरुदण्डका रुपमा रहेको सिद्धार्थ राजमार्गलाई 'डेडिकेटेड ट्रू–लेन' मा रुपान्तरण गर्ने कार्यलाई मुख्य प्राथमिकतामा राखेर अगाडी बढ्नुपर्ने अहिले आवश्यकता रहेको छ । सडक विभाग काठमाण्डौका सूचना अधिकारी शुभाञ्जन दाहालले आगामी २०८३/०८४ को बजेटमा यो राजमार्ग समितिनेमा विश्वास व्यक्त गरे । यो आर्थिक बर्षमा स्तरोन्नतीका लागि २० करोड बजेट छुट्टीएपनि सरकार परिवर्तनसगै अहिले ओफेलमा परेको दाहालको भनाई छ । यो महत्वपूर्ण सडक हो भनेर नयाँ मन्त्रीलाई पनि भनेका छौं दाहालले भने,'श्रोत व्यवस्थापनको काम अगाडी बढेको छ ।' यो पटक पनि संसदमा उठेकाले आउने आर्थिक बर्षमा पक्कै सम्बोधन हुनेछ उनले भने । नेपाली पैसाले बनाउन सकिन्छ वा विदेशी सहयोग लिने भन्ने विषय अझै छलफलको क्रममा रहेको दाहालको भनाई छ ।

विशेषगरी अहिले चाइना कम्पनी वा विश्व बैंकका विषय छलफल भएको उनले भने,' चाइना भन्दा विश्व बैंकले केही सस्तोमा बनाइदिने बिषयमा छलफल भइरहेको छ ।' जे सुकै भएपनि यो महत्वपूर्ण सडक हो अवको आर्थिक बर्षको बजेटमा कार्यालय खोल्ने सम्मको भएपनि काम शुरु हुन्छ उनले भने ।सडक विभागको कुराकानीमा अवको दुईवर्ष भित्र सिद्धार्थ राजमार्गको स्तरोन्नतीको काम शुरु हुने विश्वास लिइएको छ । तर अवको सरकारले यो सडकलाई प्रथामिकतामा राख्छ वा राख्दैन त्यो भने हेर्न बाँकी छ । अहिले पनि प्रथामिकतामा यो सडक परेन भने राजमार्ग बन्ने विषय सधैका लागि ओफेलमा पर्ने सम्भावना बढ्ने देखिन्छ ।

# सम्झौता भएनन् सिँचाइका दश योजना

**पोखरापत्र संवाददाता**
पर्वत, २ वैशाख

आर्थिक वर्ष सकिन तीन महिनामात्र बाँकी रहँदा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अन्तर्गत सिँचाइसम्बन्धी योजना सम्झौता हुन सकेको छैन ।

चालु आर्थिक वर्षका लागि उपभोक्तामार्फत कार्यान्वयन गर्नेगरी बजेट विनियोजित भएका थिए ।

कार्यालयमार्फत चालु आवमा ७८ वटा सिँचाइ तथा नहर पुनर्स्थापनाका योजनाका लागि गण्डकी प्रदेश सरकारमार्फत रु १० करोड ४२ लाख बजेट विनियोजन भएको थियो । तीमध्ये २४ वटा योजना सम्पन्न भइसकेका छन् भने बाँकी ४४ वटा योजना कार्यान्वयनको चरणमा छन् । बाँकी १० योजना भने सम्झौता नै हुन नसकेको कार्यालय प्रमुख सागर भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार सम्बन्धित किसान तथा उपभोक्ता समितिको सहभागिता नहुँदा ती योजना सम्झौता प्रक्रियामै रोकिएका छन् । "सम्झौताका लागि पटकपटक सूचना गर्दा पनि किसान आउनुभएको छैन, यसले गर्दा केही योजना अघि बढ्न सकेका छैनन्", उहाँले भन्नुभयो ।

उहाँका अनुसार सम्झौता प्रक्रियामा सिँचाइ उपभोक्ता समिति गठन तथा दर्ता अनिवार्य हुनुका साथै प्रतिरोपनी एक सय रुपैयाँका दरले रकम जम्मा गर्नुपर्ने प्रावधान छ । गाउँस्तरमा उपभोक्ता समितिमा बस्ने व्यक्तिको अभाव, मूल्यवृद्धिका कारण नागरिकमा चासो घट्नु तथा प्रक्रियागत झन्झटले पनि सहभागिता कम भएको भट्टराईले जानकारी दिनुभयो । नेपाल किसान महासङ्घका अध्यक्ष रघुनाथ गौडेलले योजना सम्झौता नहुनुमा किसानमात्र दोषी नभएको बताउनुभयो । "योजनाबारे समयमै पर्याप्त जानकारी नपुग्नु, लागत साझेदारीको स्पष्टता नहुनु र प्रक्रिया जटिल हुनुका कारण किसान अलमलमा परेका छन्", उहाँले भन्नुभयो, "साना बजेटका योजनामा धेरै झन्झट र आर्थिक दायित्व हुँदा किसानको आकर्षण घटेको छ ।" उहाँका अनुसार पछिल्लो समय बढ्दो महँगी, कामदार अभाव र कृषि पेसाप्रति घट्दो रुचिले पनि किसानलाई योजना प्रक्रियामा सक्रिय हुन कठिन भएको छ । "किसानलाई सहज बनाउनेगरी नीतिगत सुधार र सचेतना आवश्यक छ, नत्र यस्ता योजना कागजमै सीमित हुने जोखिम रहन्छ", गौडेलले थप्नुभयो । कार्यालयका अधिकांश योजना रु पाँच लाखदेखि रु ३५ लाखसम्मका छन् । बजेट आकार सानो हुनु र कामदार अभावका कारण कार्यान्वयनमा पनि चुनौती देखिएको छ । समयमै सम्झौता हुन नसक्दा सिँचाइ पूर्वाधार विस्तारमा ढिलाइ हुने र खेतीपाती प्रभावित हुने चिन्ता बढेको छ ।

कार्यालयले भने बाँकी योजनाका लागि पुनः समन्वय र सूचना जारी गरी सम्झौता प्रक्रिया अघि बढाउने तयारी गरेको जानकारी दिएको छ ।

# बेनीका १५ विद्यालयको कक्षा घटुवा र एक वटा बन्द

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ वैशाख

म्याग्दीको बेनी नगरपालिकाले यस वर्ष एक वटा विद्यालय बन्द, १५ विद्यालयको कक्षा घटुवा तथा तहमिलान गरेको छ । विद्यार्थी अभावका कारण बेनी नगरपालिका–५ मा रहेको चेतना आधारभूत विद्यालय बन्द भएको हो ।

कक्षा घटुवा, तह मिलान र बन्द भएका विद्यालयका ३२ जना शिक्षकहरुलाई विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरूमा व्यवस्थापन गरिएको बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताउनुभयो । १–३ तहको पठनपाठन हुँदै आएको चेतना आधारभूतमा नयाँ भर्ना हुने विद्यार्थी नभएकाले बन्द भएको गरिएको नगरपालिकाले जनाएको छ । यसअघि गत वर्ष बेनपा–५ माथिल्लो गाजनेको जगन्नाथ आधारभूत र वडा नं १० को ओखले आधारभूत विद्यालय बन्द भएका थिए । १–३ तहको पठनपाठन हुने बेनपा–१ को ज्ञानपुञ्ज, २ को हंशबाहिनी, वडा नं ३ को नवज्योती र भूमे आधारभूतमा बालकक्षा मात्र कायम भएको नगरपालिकाले जनाएको छ । रत्नेचौरको भानु माविलाई १–१२ बाट १–८, गलेश्वरको जडभरत संस्कृति माविलाई १–१० बाट १–८, थाकनपोखरी र राधाकृष्ण आधारभूतलाई १–८ बाट १–५ मा झारिएको छ । १–५ तहका बराह, ज्ञानपुञ्ज, नवदुर्गा, विद्यामन्दिर, बरनाथ, स्यालीखेत र चन्द्रोदय आधारभूत विद्यालयमा १–३ कक्षा कायम भएको छ । नगरप्रमुख सुरत केसीले 'जहाँ विद्यार्थी, त्यहाँ शिक्षक' भन्ने १७ औं नगरसभाको निर्णयअनुसार विद्यार्थी सङ्ख्या कम भएका विद्यालयका शिक्षकहरूको दरबन्दी बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयलाई उपलब्ध गराएको बताउनुभयो ।

"गत भदौ महिनामा कार्यदल बनाएर विद्यालयहरूको स्थलगत अनुगमन, विषयगत समिति, समुदाय र वडास्तरमा विभिन्न चरणमा भएको छलफलमा प्राप्त सुझावअनुसार गत चैत २७ गतेको कार्यपालिका बैठकले गरेको विद्यालयको तह र कक्षा कटुवा तथा शिक्षक व्यवस्थापनको निर्णय नयाँ शैक्षिकसत्रको सुरुआतसँगै कार्यान्वयनका लागि पत्राचार गरिसकेका छौं", उहाँले भन्नुभयो, "अहिले तह र कक्षा घटाइएका विद्यालयमा विद्यार्थी सङ्ख्या भएमा तह र कक्षा थप गर्ने नीति लिएका छौं ।" कार्यपालिकाले गरेको तहअनुसारको प्रअ नियुक्ति गर्नका लागि पनि विद्यालयहरूलाई पत्राचार गरिएको नगरपालिकाको शिक्षा शाखाका उपसचिव क्षेत्रबहादुर भण्डारीले बताउनुभयो । माविमा मावि, १–८ तहको आधारभूतमा निमावी र १–५ को आधारभूतमा प्रावि तहका माथिल्ला बरियताक्रममा रहेका शिक्षक प्रअ हुने गरी शिक्षकहरूलाई व्यवस्थापन गरिएको उहाँले बताउनुभयो । बन्द भएका विद्यालयहरूकोभौतिकसम्पत्तिको मूल्याङ्कन गर्न उपसमिति गठन भएको र उक्त सम्पत्ती तथा कागजात नजिकको विद्यालयमा राखिने नगरपालिकाले जनाएको छ । दोस्रो चरणमा तह समायोजन र पुलमा रहेका शिक्षकहरूलाई विषयगत रुपमा आवश्यकताको आधारमा विद्यालयमा खटाउने तयारी नगरपालिकाले गरेको छ । बेनी नगरपालिकामा ५५ वटा सामुदायिक विद्यालय छन् । सुविधायुक्त भवन, इन्टरनेट, विद्युत्, खानेपानी, शौचालय, कम्प्युटरसहितका पूर्वाधार उपलब्ध भए पनि बसाइँसराइका कारण ग्रामीण भेगका सामुदायिक विद्यालयमा बर्सेनि विद्यार्थी सङ्ख्या घट्दै गएको छ । कक्षा सञ्चालनका लागि आवश्यक विद्यार्थी सङ्ख्या नपुगेपछि शैक्षिक सत्र २०७९ मा ११ र २०८० मा सात वटा विद्यालयको तह समायोजन (कक्षा घटुवा) गरिएको थियो । तीव्र बसाइँसराइ, निजी विद्यालयतर्फको आकर्षण, अभिभावकको विश्वास जगाउन नसक्नु, अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्नु नसक्नुले सामुदायिक विद्यालय सङ्कटमा पर्न थालेका छन् भने विषयगत शिक्षक नपाउनु अर्को समस्या बनेको छ ।

# सुन्तला र अलैंचीखेतीमा रमाउँदै केसी

**रासस**
बागलुङ, २ वैशाख

बागलुङ नगरपालिका–५ मालिकाका कमलबहादुर केसी उमेरले ६८ वर्ष पुग्नुभयो । भारतमा नोकरीपश्चात् गाउँ फर्कनुभएका केसी कृषिमा तल्लीन हुनुहुन्छ । विसं २०५७ मै सुन्तलाको व्यावसायिक खेती गर्नुभएको केसी भारतमा २४ वर्ष सेक्युरिटी गार्डको जागिर खाएर नेपाल फर्कनुभएको हो ।

पाल्पाबाट सुन्तलाका ५०० सुन्तलाका बिरुवा १५ रोपनी जग्गामा लगाउनुभएका केसीले गाउँलेका कारण सुन्तलाका बिरुवा उखेलेर फालेको सुनाउनुभयो । "सुन्तलाका यति धेरै बिरुवा के गर्ने, खेतिपाती छोडेर फलफूलले मात्रै पेट भरिन्न भनेर घरपरिवार र गाउँलेले गाली गरेपछि १५ रोपनी जग्गामा लगाएको सुन्तलाखेती २०६० सालमा उखेलेर फालेको थिए", केसीले भन्नुभयो, "२२ वर्षपछि पुन धानबारीको खेती मासेर सुन्तला लगाएको छु, दुईवटा पोखरीमा ग्रासकाप र सिल्भर जातको माछा पालेको छु भने ४५



रोपनी जग्गामा अलैँचीखेती विस्तार गरेको छु ।" पहिला सुन्तला लगाउँदा उत्पादनलाई बजारीकरणको चिन्ता थियो ।

विसं २०५७ मा सुन्तला लगाउँदा धान फल्ने खेत मासेको भन्दै गाली खाएको स्मरण गर्दै केसीले अहिले गाउँकै अगुवा किसान भएको बताउनुहुन्छ । भारतमा लामो समय काम गरेको सुनाउँदै भारतमा माछा खाने लतका कारण मालिकामा दुई वटा पोखरीमा माछापालन गर्दै आएको केसीले सुनाउनुभयो । "अहिले १४ रोपनी जग्गामा २४५ सुन्तलाका बिरुवा लगाएको छु, दुई वटा पोखरीमा माछा पाल्दै आएको छु, ४५ रोपनी जग्गा भाडामा लिएर अलैँचीखेती थालेकै पाँच वर्ष भयो", केसीले भन्नुभयो, "गत वर्ष तीन लाख अलैँची र दुई लाख सुन्तलाबाट आम्दानी भएको थियो, अहिले लोकल कुखुरा, माछापालन, केरालगायत थप कृषिका कामलाई बढवा दिएको हुँ ।" वडास्तरीय कृषि समितिका संयोजक भएर मालिकाका वडाभरका ४२ किसानलाई प्लास्टिक टनेल, मिनिटिलर हलो, सिँचाइ पाइप, सुन्तलाका बिरुवा अनुदानलगायत काममा सहायता गरेको केसीको भनाइ छ । केसी पूर्ववडा सदस्य हुनुहुन्छ । बम्बईको महाराष्ट्रमा सुरक्षा गार्डमा काम गरेको सुनाउँदै २०७० सालदेखि निरन्तर माछापालन गर्दै आएको केसीले सुनाउनुभयो । सामूहिक रुपमा अलैँचीखेती गर्दै आउनुभएको केसीले १७ हजार मासिक भाडा तिरेर ४५ रोपनी जग्गामा अलैँची उत्पादन गर्दै आएको बताउनुभयो ।

"कृषिमा अथाहा सम्भावना छ, अहिले लोकल कुखुराको फार्म तयार गरेको छु, सुन्तला र अलैँचीखेतीबाट वार्षिक १२ लाखसम्म आम्दानी गर्ने लक्ष्यका साथ फार्म विस्तार गरेका छौँ", उहाँले भन्नुभयो, "मालिका वडा कार्यालयले कृषकलाई अनुदानमा सुन्तलाका बिरुवा, माछापालनमा सहयोग गरेको छ ।" विसं २०७४ मा मालिकाको वडासदस्यमा निर्वाचित केसीले जनप्रतिनिधिपछि पुनः कृषिमा फर्केको बताउनुभयो ।

पोखराबाट माछाका भुरा लिएर आएको बताउँदै उहाँले नगरपालिकाको सहयोगमा माछाका भुरा अनुदानमा लिएको बताउनुभयो । वार्षिक १०० केजी माछा बिक्री गरेको केसीको भनाइ छ ।

# मल्कवाङमा खानेपानीको पहुँच पुग्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ वैशाख

धवलागिरि गाउँपालिका–५ मल्कवाङमा 'एक घर, एक धारा'सहितको खानेपानी आयोजना निर्माण भएको छ ।

कुल रु ५४ लाख ३६ हजार ४२ को लागतमा निर्माण भएको आयोजनाबाट ८९ वटा धारामार्फत घरघरमा खानेपानी वितरणको व्यवस्था मिलाइएको हो । ८६ निजी घर, विद्यालय, स्वास्थ्यचौकी र वडा कार्यालयमा मिटरसहितको निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको उपभोक्ता समितिका अध्यक्ष रासबहादुर छन्त्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेवा संस्थाको रु २६ लाख ९९ हजार ८४, गाउँपालिकाको रु १९ लाख २५ हजार १११ लगानी भएको योजना निर्माणका लागि उपभोक्ताले रु एक लाख ५७ हजार ९३० नगद लगानी र रु छ लाख ५३ हजार ९१७ बराबरको श्रमदान गरेका छन् । मल्कवाङमा यसअघि सार्वजनिक धारामार्फत खानेपानी वितरण हुने गरेको थियो । आँगनकै धारामा नियमित स्वच्छ खानेपानी आपूर्ति भएपछि समयको बचत र झन्झट हटेको छ । धवलागिरि गाउँपालिका–५ को मल्कवाङ, मलम्पार र भेडिखाल्टा टोलका एक सय ८५ घरमा निजी धारा जडान गरेर खानेपानी सुविधा विस्तार गरिएको वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

# नेपाल–चीन कूटनीतिक सम्बन्धबारे पुस्तक प्रकाशित

**रासस**
काठमाडौं, २ वैशाख

नेपाल र चीन सम्बन्ध समेटिएको 'सेभेन्टी इयर्स अफ नेपाल–चाइना रिलेसन्स अ मोडल फर सिभिलाइजेसनल फ्रेन्डसिप' नामक पुस्तक प्रकाशन गरिएको छ ।

नेपाल इन्स्टिच्युसन फर इन्टरनेसनल कोअपरेसन एन्ड इन्गेजमेन्ट (नाइस) र फुडान युनिभर्सिटीको संयुक्त सहकार्यमा दिल्लीस्थित अड्रोइट प्रकाशनले उक्त पुस्तक प्रकाशन गरेको हो । चिनियाँ प्रोफेसर डा चाङ चिन्डोङ र विवेकध्वज थापाद्वारा सम्पादित उक्त पुस्तक आज काठमाडौँमा लोकार्पण गरिएको हो ।

कार्यक्रममा नेपालका लागि चिनियाँ पूर्वराजदूतद्वय डा महेशकुमार मास्के, विष्णुपुकार श्रेष्ठ, चिनियाँ प्रोफेसर चिन्डोङ र सम्पादक थापाले सामूहिक रुपमा पुस्तक लोकार्पण गरेका हुन् । कार्यक्रममा मास्केले नेपाल र चीनबीचको प्राचीन सम्बन्ध सभ्यतासँग जोडिएको हुँदा यसलाई कूटनीतिक दृष्टिले मात्रै हेरेर सीमित धारणा बनाउन नमिल्ने बताउनुभयो । उहाँले एक चीन नीतिलाई नेपालले स्वागत गरेको र चीनले पछिल्लो नेपालको राजनीतिक परिवर्तन नजिकबाट नियालेको समेत प्रष्ट पार्नुभयो । पूर्वराजदूत श्रेष्ठले नेपाल र चीनको मित्रता अरु देशको तुलनामा भिन्न रहेको बताउनुभयो । उहाँका अनुसार कूटनीतिक रुपमा ७० वर्ष पहिले दुई देशको औपचारिक मित्रता सुरु भएजस्तो देखिए पनि योभन्दा अगाडि तेस्रो शताब्दीदेखि नै सभ्यताको आधारमा सम्बन्ध विस्तार भइरहेको बताउनुभयो ।